# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(............................................................शाखा)

फोन नं. ४२६२७०१, ४२६२५४३, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौँ, नेपाल ।

पत्र संख्या :-
च संख्या :-
चलानी नं. :- १०६६

मिति : २०७७ फाल्गुण ५ गते

विषय कोभिड १९ विरुद्धको खोप लगाउने व्यवस्थाका लागि समन्वय सम्बन्धमा ।

श्रीमान सचिव ज्यू,
सबै मन्त्रालयहरु,

प्रिय सहकारी ज्यू,

उपरोक्त विषयमा मिति २०७७ माघ १४ गते सम्माननिय प्रधानमन्त्री ज्यूले अभियानका रुपमा कोभिड १९ विरुद्धको खोपको शुभारम्भ गरे पछि नेपाल सरकारले चरणवद्ध रुपमा खोप लगाउने कार्यहरु भईरहेको सवैमा अवगत नै छ । खोपको उपलब्धता तथा प्राविधिक पक्षहरुको विश्लेषण गरी लक्षित ७२ प्रतिशत जनसंख्यालाई क्रमश: खोप लगाउने प्राथमिकता निर्धारण गरिएको छ । हालको चरणमा सामाजिक र आर्थिक अवस्थालाई चलायमान गर्न स्थानिय तहका कर्मचारीहरु, जनप्रतिनिधिहरु र जिल्लास्थित सम्पूर्ण सरकारी कार्यालयहरु तथा संस्थानहरुमा कार्यरत कर्मचारीहरुलाई खोप लगाउने कार्य भईरहेकोले विषयगत मन्त्रालयहरुले सरोकारवाला निकायहरुमा खोप लगाउन जानु हुन र खोप अभियानमा आ-आफ्नो स्थानबाट सहजीकरण समन्वय गर्ने व्यवस्था गरिदिनुहुन अनुरोध छ ।

लक्ष्मण अर्याल

सचिव